रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.सं : २०७८/०७९ ☎ ०३१-४५००३५
च. नं : १५८ मिति : २०७८।०५।०८गते

**विषय** : सूचना टाँस गरी जानकारी पठाउने सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै
रुपनी गाउँपालिका सप्तरी ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०७८।०५।०८ गतेमा प्रकाशित सार्वजनिक पोखरी ठेक्का सम्वन्धि सूचना पाना-१ यसै साथ संलग्न राखी पठांईएको छ । तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी मुचुल्का सहित सोको जानकारी पठाई दिन हुन अनुरोध छ ।

..................
अरविन्द कुमार चौधरी
(प्रमुख प्रशासकीय अधिकृत)

बोदार्थ :
श्री सुचना प्रविधि शाखा : गाउँपालिकाको वेवसाइट तथा फेसवुक पेजमा अपलोड गरी वडा कार्यालयमा पत्राचार गर्न हुन ।

रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.सं : २०७८/०७९ ☎ ०३१-४५००३५
च. नं : मिति : २०७८।०५।०८गते

## विषय : पोखरी ठेक्का सम्वन्धि सूचना ।
## (प्रथम पटक प्रकाशित मिति २०७८।०५।०८ गते)

यस रुपनी गाउँपालिका भित्र रहेको तपसिल बमोजिमको सार्वजनिक पोखरीहरुको आ.व.०७८/०७९ मिति २०७८ असोज देखि २०८१ असार मसान्त सम्मका लागि (३ बर्ष) तपसिलको शर्त बमोजिम ठेक्का लगाउनु पर्ने भएकोले तपसिल बमोजिमका गोप्य सिलबन्दी टेन्डरमा भाग लिन इच्छुक व्यक्ति, फर्म, संस्था तथा सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. गोप्य सिलबन्दीं फारम सम्बन्धि**

क. गोप्य सिलबन्दी टेन्डर फारम बिक्री हुने मितिः २०७८।०५।०९ देखि

ख. गोप्य सिलबन्दी टेन्डर फारम बुझाउने मिति : २०७८।०५।२२ गते कार्यालय समय भित्र ।

ग. गोप्य सिलबन्दी टेन्डर फारम खुल्ने मिति : २०७८।०५।२३ गते

**२. ठेक्काको कबुल अंक निम्न बमोजिम हुनेछ ।**

(क) साविक रायपुर २ हाल रुपनी २ मा रहेको **भुराही पोखरी**को सिलबन्दी फारम भर्दा कबोल अंक रु. ६,५०,०००।०० बाट शुरु गर्नु पर्नेछ ।

(नोट : हाल पोखरीको डिल निर्माण,मर्मत तथा सरसफाई समेत गर्नु पर्ने अवस्था रहेकोले कुल ठेक्का कबोल अंकको १५ प्रतिशत रकम छुट दिइनेछ । सो १५ प्रतिशत रकमबाट कार्यालयको स्वीकृत ल.ई.,मुल्याङ्कन बमोजिमको कार्य ठेकेदारले तत्काल गर्नु गराउनु पर्नेछ ।)

**शर्तहरु**

क. गोप्य सिलबन्दी टेन्डरमा भाग लिन मिति २०७८।०५।०९ देखि २०७८।०५।२२ सम्ममा फिर्ता नहुने गरी रु. ३००।- गाउँपालिकाको राजष्व शाखामा दाखिला गरी सिलबन्दी टेन्डर फारम लिन सकिनेछ ।

ख. टेन्डर फारम कबुल गरीएको अंकको ५ प्रतिशत रकम धरौटी वापत गाउँपालिकाको **ग्लोवल आई.एम.ई. बैंक लि. रुपनी शाखामा रहेको धरौटी खाता नं. R६०४०१०००००००५ मा** दाखिला गरि सो को भौचर टेन्डर फारम साथ संलग्न राखि बुझाउनु पर्नेछ । टेन्डर स्वीकृत/अस्वीकृत भए धरौटी वापत रकम फिर्ता गरिनेछ ।

ग. पोखरीको हकमा प्रथम किस्ता (एकतिहाइ रकम) डाक सकार भएको ७ दिन भित्र र बाँकी दोस्रो र तेस्रो किस्ताको रकम प्रत्येक बर्षको पौष मसान्त सम्ममा दाखिला गर्नु पर्नेछ ।

घ. ठेक्का साकार गरिएको रकम एक मुष्ठ बुझाएमा ५ प्रतिशत छुट दिनेछ ।

ङ. घटी वा वढी रकम टेण्डर सदर वा बदर गर्ने सम्पूर्ण अधिकार गाउं कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

च. सबैभन्दा बढी अंक कबुल गर्ने व्यक्तिको टेन्डर स्वीकृत गरिनेछ र निजले आलटाल गरी ठेक्का लिन नचाहेमा धरौटी रकम जफत गरी कमशः दोस्रो र तेस्रो व्यक्तिलाई दिइनेछ । दोस्रो र तेस्रो व्यक्तिले चलन पुर्जी नलिए/नदीए सम्म कार्यलयमा राखिनेछ । ठेक्का साकार गर्दा ठेक्का जमानत वापत ठेकेदार वा निजको एकाघर सगोलमा रहेका व्यक्तिहरुका नाममा रहेको घर,जग्गा तथा अचल सम्पत्ति (हालको चलन चल्तीको मुल्य ठेक्का कवोल अंकको दोब्बर मुल्याङ्कन हुने) सम्वन्धित मालपोत कार्यालयमा रोक्का राखिनेछ ।

छ. गत विगतमा ठेक्का लिइ सो वापत गाउँपालिकालाई बुझाउनु पर्ने रकम बुझाउन बाँकी रहेका व्यक्तिहरुको हकमा टेन्डरमा भाग लिन ग्राह्य मानिने छैन ।

२०७८।०५।८
अरविन्द कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

अरविन्द कुमार चौधरी
प्रमुख प्रशासकिय अधिकृत